# बर्दिबास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बर्दिबास, महोत्तरी
मधेश प्रदेश, नेपाल
स्थापना २०७३

पत्र संख्या :-२०८२/०८३ मिति:२०८२/०७/२७

चलानी नम्बर :- ९०६८

**बिषय: शैक्षिक प्रकाशनका लागि लेख, रचना उपलब्ध गराउने सूचना ।**

प्रस्तुत विषयमा यस कार्यालयबाट बार्षिक शैक्षिक 'विचरण' प्रकाशन गर्न लागेको हुँदा यसै सूचनामा संलग्न ढाँचा तथा मार्गदर्शनको परिधि भित्र रही यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र शिक्षा युवा तथा खेलकुद शाखामा soft copy तथा hard copy लेख रचना उपलब्ध गराई प्रकाशनार्थ सहयोग गरिदिनु हुन हार्दिक अनुरोध छ। लेखकहरुलाई प्रोत्साहन स्वरुप पारिश्रामिक उपलब्ध गराइने व्यहोरा समेत अनुरोध छ।

राममणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

राममणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

श्री सूचना प्रविधि शाखा
Website मा Upload गरिदिनुहुन।

CamScanner

## ४. लेखको स्वरूप

भाषा: नेपाली वा अंग्रेजी
फन्ट: Unicode (नेपालीका लागि) वा Times New Roman (अंग्रेजीका लागि)
फन्ट साइज: १२ pt
लाइन स्पेसिङ: १.५
मार्जिन: १ इन्च
शब्द सीमा: अनुसन्धानात्मक लेख: २,५००–४,००० शब्द, विचार/अनुभवमूलक लेख: १,५००–३,००० शब्द

## ५. उद्धरण र सन्दर्भ

APA 7th Edition शैली प्रयोग गर्नुपर्नेछ।
इन–टेक्स्ट उद्धरण: (Poudel, 2023)
सन्दर्भ सूची: Poudel, R. (2023). Educational innovation in local governance. Kathmandu: Shiksha Press.

## ६. लेख पठाउने प्रक्रिया

लेख Word (.docx) फाइलमा पठाउनुपर्नेछ।
फाइल नाम: AuthorName_Title.docx
लेख पठाउने ठेगाना: education@bardibasmun.gov.np
लेखकले मौलिकता घोषणा समावेश गर्नुपर्नेछ।

## ७. मूल्यांकन प्रक्रिया

सम्पादकीय समितिद्वारा प्राथमिक छानबिन गरिनेछ। आवश्यक परेमा सहकर्मी समीक्षा हुनेछ। सम्पादन र भाषा सुधारको अधिकार समितिसँग हुनेछ।

## ८. नैतिक मापदण्ड

लेख मौलिक हुनुपर्छ, अन्यको सामग्री प्रतिलिपि गर्न नहुने। स्रोत उल्लेख नगरी उद्धरण गर्नेलाई अस्वीकृत गरिनेछ। तथ्याङ्क वा जानकारीको हेरफेर नगरिने।

## ९. सम्पादकीय समिति

प्रमुख सम्पादक: शिक्षा शाखा प्रमुख
सदस्य सचिव: शिक्षा अधिकृत
सदस्यहरू: शैक्षिक विज्ञ, विद्यालय प्रतिनिधि, अनुसन्धानकर्ता आदि

## १०. प्रकाशन अवधारणा

वार्षिक प्रकाशन, मुद्रित र डिजिटल दुवै स्वरूपमा प्रकाशित गर्न सकिने।

बर्दिबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७३

राममणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

बर्दिवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिवास, महोतरी
मधेश प्रदेश, नेपाल

# शिक्षा सम्बन्धी प्रकाशनका लागि लेख ढाँचा तथा लेखक मार्गनिर्देशन

Format and Author Guidelines for Educational Publication

## १. प्रकाशनको उद्देश्य

यो प्रकाशनको उद्देश्य शिक्षा क्षेत्रमा हुने नीतिगत, व्यवहारिक, अनुसन्धानात्मक, र नवीन अभ्यासहरूलाई साझा मञ्च प्रदान गर्नु हो। लेखहरूले शिक्षाको गुणस्तर वृद्धि, समावेशी शिक्षा, सीप र रोजगारीसँग जोडिएको शिक्षाको अवधारणा, तथा स्थानीय शैक्षिक सुधारका उपायहरूमा केन्द्रित हुनुपर्छ।

## २. लेखका प्रकारहरू

१. अनुसन्धानात्मक लेख (Research Article)
२. अभिमत/विचार लेख (Opinion or Conceptual Article)
३. अभ्यास वा अनुभवमूलक लेख (Best Practice / Case Study)
४. समीक्षा लेख (Review Article)

## ३. लेखको ढाँचा (Format of Article)

| खण्ड | विवरण |
|---|---|
| शीर्षक (Title) | स्पष्ट, संक्षिप्त र विषयवस्तु अनुकूल (नेपाली वा अंग्रेजी) |
| लेखकको नाम, पद, संस्था | पूर्ण नाम, पद, संस्था र सम्पर्क ईमेल सहित |
| सारांश (Abstract) | १५०–२५० शब्दभित्र लेखको सारांश (नेपाली वा अंग्रेजी) |
| मुख्य शब्द (Keywords) | ४–६ मुख्य शब्दहरू |
| भूमिका (Introduction) | विषयको पृष्ठभूमि, उद्देश्य, समस्या र सन्दर्भ |
| विधि (Methodology) | अनुसन्धान प्रकार, नमूना, उपकरण, प्रक्रिया |
| परिणाम/बहस (Findings / Discussion) | तथ्य, तर्क र विश्लेषण प्रस्तुत गर्ने |
| निष्कर्ष र सिफारिस (Conclusion & Recommendations) | मुख्य निष्कर्ष र व्यावहारिक सुझावहरू |
| सन्दर्भ सूची (References) | APA शैली अनुसार (७th edition) |

रामनणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner